गर्भवति,प्रसुति र सूत्केरि स्वास्थ्य,पोषण तथा सरसफाइ प्रवर्द्धन कार्यक्रम संचालन निर्देशिका ,वौधिमाइ नगरपालिका,रौतहट

आ.व. २०८० ।०८१

कार्यक्रमको परिचय

नेपालको संविधान २०७२ ले आधारभूत स्वास्थ्य सेवालाइ मौलिक हकको रुपमा स्थापित गरेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन,र जन स्वास्थ्य ऐन २०७५ ले प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृतव र नव शिसु स्वास्थ्य लाइ आधधारभूत स्वास्थ्य सेवा मार्फत हरेक नागरिकलाइ नि शुल्क रुपमा सेवा पुर्याउने लक्ष्य लिएको छ ,संविधिान तथा ऐनले दिएको अधिकार तथा हकमा महिलाहरुको वच्चा जन्माउने कममा ज्यान जान दिनु हुदैन भन्ने कुरालाइ नेपाल सरकार तथा पालिका ले धेरै महत्व दिएको छ । यस कार्यक्रमले आमा तथा नव शिशु हरुको हुन सक्ने मृत्युलाइ कम गर्न सहायक हुनेछ । वौधिमाइनगरपालिकावार्ड न १ देखि ९ सम्मलक्षित गर्भवति, प्रसुति , सुत्केरि महिला र नव शिसुलाइ पोषणको अवस्था सुधार,तथा सुत्केरि अवस्थामा सरसफाइको कमिले हुन सक्ने विभिन्न किसिमका जटिलता तथा संकामक रोग रोकथाम र नियन्त्रण गर्न र नगरवासिको स्वास्थ्य सुरक्षालाइ मध्यनजर गर्दा तथा हाल यस न.पा. का सवै स्वास्थ्य संस्थामा गर्भजाच, प्रसुति सेवा,र सुत्केरि सेवाको कममा हुन सक्नेअस्वस्थ्यता दर र नव शिसु,वाल,र मातृ मृत्यु दरन्युन तथा गर्भ जाच तथा प्रसुतिहुने डिफल्टर दर कम वनाउन,सेवाको वारेमा समुदाय ,र किशोर किशोरिलाइ कार्यक्रमको वारे विस्तृत जानकारिको साथै Awarness चेतनामूलक कार्य,सूरक्षित मातृत्व अर्न्तगत गर्भवतिलाइ कुपोषण वाट जोगाइ सुपोषित समाज निर्माण गर्नु, स्वास्थ्य कार्मिको मौजुदा ज्ञान,शिप,विचार,धारणा मा Inhance हुने कृयाकलाप गर्ने,वर्थिङ सेन्टरलाइ आवश्किय औजार तथा औषधिहरुको साथै नि शुल्क प्रेषण प्रणालि सुदृढिकरण को साथै २४ घंटे प्रसुतिसेवा र ७२ घंटा सम्म सुत्केरिलाइ आमा घरमा वास व्यवस्थापन गरि सेवा सुदृढिकरण र आमा वच्चाको स्वास्थ्य सवल वनाउनु नै यो निर्देशिका र कार्यक्रमको उदेश्य रहेको र सो प्रमाणित गरि कार्यन्वयनमा ल्याइएको छ र गरिने कार्यहरु कमश उल्लेख गरिएकोछ ॥

**क.कृयाकलाप रमुख्य उदेश्य तथा गरिने कृयाकलापहरु**

१ स्वास्थ्य आमा समूह अभिमूखिकरण तथा परिचालन

२ समुदाय सचेतिकरण,जन चेतना तथा अभिमूखिकरण

३ विधालय किशोरि शिक्षा

४ जन प्रतिनिधि अभिमुखिकरण,सचेतिकरण ।स्वास्थ्यकर्मिलाइ विविध विषयमा वृहत अभिमूखिकरण तथा अवलोकन भ्रमण

५ स्वास्थ्य संस्था अर्न्तगत वर्थिङ.सेन्टर सेवा संचाल्न गर्न तथा मर्मत कार्य गरि सुचारु गर्ने थप खर्च

६ कर्मचारि र सेवा प्रदायकलाइ एस.वि.ए.एडभान्स एस.वि.ए.CB IMNCI ,F B IMNCI ,जिवन सूरक्षा ग्रामिण अल्ट्रा साउन्ड ,DHIS 2,eLMIS, लगायतका तालिम दिने ।

७सामाग्री व्यवस्थापन ,औजार उपकरण ,वैकलपिक उर्जा ,संक्रमण रोकथाम ,वेवि वारमर,पेरिलाइट,हाइजिन किट ,यु.एस.जी.मसिन लगायत अन्य सामाग्री

८. प्रेषण प्रणालि,गर्भवति,प्रसुति,सुत्केरिलाइ पूर्ण निशुल्क,

९ एमवुलेन्स सेवा निशुल्क

१० मोवाइल व्यवस्थापन तथा ट्रेसिड

EXTRAACTIVITIES,

- प्रत्येक पटक भिजिटमा १० ओटा अण्डा वितरण,
- फोलिक एसिड,
- कैल्सियम र प्रोटिन
- निमन्त्रण कार्ड वितरण
- आमा सूरक्षा घरमा सवै गर्भवति र प्रसुति निशुल्कमा अनिवार्य ७२ घण्टा वस्नु पर्ने आमा घरमा खान वस्न,भिजिटर सहितलाइ नि शुल्क व्यवस्थापन

११ PNC थप भिजिट

र सरसफाइ कोसेलि भेट

१२. संरचना ३ स्थानमा प्लासेन्टापिट ,

९ ओटा स्वास्थ्य संस्थामा फलामको INCINATOR व्यवस्थापन

१३. एम्वुलेन्स सेवा तथा मर्मत गरि संचाल्न मर्मत, इन्धन तथा व्यवस्थापन,

१४. संक्रमण रोकथाम तथा सरसफाइ

***१ स्वास्थ्य आमा समूह अभिमूखिकरण तथा परिचालन***

| |
|---|
| क. साविक ४५ ओटामा कार्यरत ४५आमा समूह वैठक महिनाको १ पटक प्रत्येक समूहमा कम्तिमा २० जनाको उपस्थिति मा प्रत्येक महिना ।नियमानुसार खाजा पानि उपलव्ध गर्न सकिने छ । |
| ख.सहजकर्ता तथा अनुगमन<br>स्थानिय स्वास्थ्य संस्था वाट वढिमा १ जना प्रति सहजकर्ता ३०० सम्म व्यवस्थापन गरिने छ । |
| ग. पालिका वाट १ जना अनिवार्य सहजकर्ता वा अनुगमन कर्ता लाइ नियमानुसार व्यवस्थापन हुनेछ । |

| | |
|---|---|
| घ. | मासिक रुपमा आमा स्वास्थ्य समुहको वैठकमा स्वास्थ्य का विषय वस्तुमै निहित रहि कार्य संचाल्न गरिने । |
| ङ. | सहजकर्ता स्वा.चौकि प्रमुख वा अन्य स्वास्थ्य कमि,नर्सिङ.स्टाफ मध्ये १ जना |
| च. | सुपरिवेक्षक पालिका वाट प्र.प्र.अ.,स्वा.स.,स्वा.स.स.वा अन्य मध्ये १ जना |

## २ समुदाय सचेतिकरण,जन चेतना तथा अभिमूखिकरण

| | |
|---|---|
| क. | समुदाय सचेतिकरण हालको ९ टै वार्डमा /प्रति महिना /७ महिना सम्म/ |
| ख. | वंचितमा तथा पिछिडिएंका समुदायका महिलाहरुलाइ स्वास्थ्य व्यवहार,सरसफाइ ,प्रजनन स्वास्थ्य ,परिवार नियोजन ,सुरक्षित मातृत्व सम्वन्धि अभिमूखिकरण ।९ ओटा वार्डहरुमा /२ चौमासिकमा / सहभागि संख्या प्रत्येक वार्डमा कम्तिमा ३० जना ,लाइ खाजाव्यवस्थापन गरिने छ । |
| ग. | स्थानिय सहजकर्ता सम्वन्धित वार्ड स्थित स्वा.संस्थाको कर्मचारि,संस्था प्रमुख तथा नर्सिङ. स्टाफ प्रति दिन कक्षा संचाल्न वापत रु ३०० । |
| घ. | पालिका स्तरिय सहजकर्ता सुपरिवेक्षण तथा सहजिकरण वापत नियमानुसार हुने । |

## ३ विधालय किशोरि शिक्षा

| | |
|---|---|
| क. | विधालय शिक्षा कक्षा ६, ७,८,९,१०,र ११ |
| ख. | प्रत्येक महिना यस पालिका अर्न्तगतका स्वास्थ्य कर्मिले एउटा का दरले कक्षा संचाल्न गर्नु पर्ने / अषाढ महिना सम्म ।कमतिमा ३ घंटा सम्मका दरले कक्षा संचाल्न हुने । प्रति कक्षा रु. ३०० का दरले मात्र भुग्तानि हुने ,योजना पूर्व स्विकृति गराइ मात्र कक्षा संचाल्न हुने । निश्चित फर्मेटमा प्रमाणित पश्चात भुग्तानि प्रकृया हुने । |

## ४ जन प्रतिनिधि अभिमुखिकरण ,सचेतिकरण ।स्वास्थ्यकर्मिलाइ विविध विषयमा वृहत अभिमूखिकरण तथा अवलोकन भ्रमण

क. जन प्रतिनिधि हरुलाइ स्वास्थ्य का विभिन्न सूचकहरुमा अधारित मासिक समिक्षा तथा मातृ र नवशिसु स्वास्थ्य र मृत्यु वाट जोगाउन सक्ने सम्वन्धि कृयाकलाप तथा समिक्षा ।प्रत्येक महिना गर्दा खाजा र भता नियमानुसार गर्न सकिने छ ।

ख. स्वास्थ्य कर्मिलाइ स्वास्थ्य का विभिन्न सूचकहरुमा अधारित मासिक समिक्षा तथा मातृ र नवशिसु स्वास्थ्य र मृत्यु वाट जोगाउन सक्ने सम्वन्धि कृयाकलाप तथा समिक्षा र प्रदेश स्तरिय अवल स्वास्थ्य संस्थाको अवलोकन भ्रमण आयोजना गरि सेवा प्रवाहमा सरलिकरण गरिने छ ।

## ५ स्वास्थ्य संस्था अर्न्तगत वर्थिङ.सेन्टर सेवा मर्मत कार्य गरि सुचारु गर्ने थप खर्च

क. इनरवारि स्वास्थ्य चौकि ,सि.पिपरिया स्वास्थ्य चौकि वर्थिङ सेन्टर मा संक्रमण रोकथामकोलागि तल्लो फलोर को सवैकोठामा टायलिङ र आवश्यकता अनुसार रिनोभेशन कार्य गरिने ।

*६ कर्मचारि र सेवा प्रदायकलाइ एस.वि.ए.एडभान्स एस.वि.ए.CB IMNCI ,F B IMNCI ,जिवन सुरक्षा ग्रामिण अल्ट्रा साउन्ड ,DHIS 2,eLMIS, लगायतका तालिम*

| |
|---|
| क. CB IMNCI ,समुदाय स्तरिय मातृ तथा नवशिसु रोग एककिकृत व्यवस्थापन तालिम ३६ जना प्राविधिक स्वा. प्राविधिक कर्मचारिलाइ ५ दिनको |
| ख. F B IMNCI,३६ जना प्राविधिक कर्मचारिलाइ ३ दिनको कार्यक्रम संचाल्न गरिने छ । |
| ग. जिवन सुरक्षा ३६ जना प्राविधिक कर्मचारिलाइ र महिला स्वास्थ्य स्वयं सेविका लाइ २ दिनको स्थानिय स्तरमा संचाल्न गरिने । |
| घ. ग्रामिण अल्ट्रा साउन्ड तालिम स्वास्थ्य तालिम केन्द्र संगको सहकार्य तथा खर्च व्यहोर्ने गरि १ जना नर्सिङ स्टाफलाइ तालिमको व्यवस्थापन |
| ,ड. वर्थिङ सेन्टर नियमित संचाल्न तथा कमचाारिको उपस्थितिलाइ निरन्तरता दिन थप ३ तिन जना अ.न.मि. व्यवस्थापन गरि प्रसुति सेवाकको निरन्तरता कायम हुने । |
| च. सुरक्षित मातृत्व महिना , खोप महिना ,स्तनपान सप्ताह,समाजिक परिक्षण, एम.एस.एस कार्यक्रम ,एफ.एम.लगायतका समाजिक संजाल वाट प्रसार लगायतका कृयाकलाप |

*७ सामाग्री व्यवस्थापन ,औजार उपकरण ,वैकलपिक उर्जा ,संक्रमण रोकथाम ,वेवि वारमर,पेरिलाइट,हाइजिन किट ,यु.एस.जी.मसिन लगायत अन्य सामाग्री*

| |
|---|
| क. डेलिभरि सेट ,९ सेट |
| ख. ड्रेसिङ सेट, ३० सेट |
| ग. सुचर सेट, २० सेट |
| घ. भियुर लाइट , १० पिश |
| ड. वेवि, वारमर विथ ट्रलि, १ पिश |
| च. पेरिलाइट १ सेट । |
| छ. इलेक्ट्रिक सक्सन मसिन ,२ सेट |
| ज. पेन्ग्युन सक्सन ६ पिश |
| झ. रवर सिट ६ वन्डल |
| ञ. वैकल्पिक उर्जा सोलार ३ ओटा वर्थिङ सेन्टरको लागि जम्मासंचाल्न गराउन । |
| ट. विजुलि हिटर १४ पिश |
| ठ. इपिजियोटोमि सेट ६ सेट |

| |
|---|
| ङ इम्पलान्ट रिमुभल सेट १३ |
| ढ. नव शिसुलाइ सुताएर जोख्ने डिजिटल मसिन २ । |
| ण पि पि आइ यु सि डि सेट ६ सेट ,लगायतका अन्य थप सामाग्री हरु व्यवस्थापन |

## ८ प्रेषण प्रणालि, गर्भबति, प्रसुति, सुत्केरिलाइ एम्बुलेन्स सेवा पूर्ण निशुल्क, मोवाइल व्यवस्थापन

| |
|---|
| क. गर्भावस्था देखि सूत्केरि भएको ४५ दिन सम्मको महिलालाइस्वास्थ्य समस्या भइ प्रेषण गर्नू पर्ने भए नि शुल्क सेवा उपलव्ध गराउने र सो वापतको रकम एम्वुलेन्स समितिलाइ वुझाउने |
| ख. पिपरिया स्वास्थ्य चौकिका एम्वुलेन्स मर्मत गरि गराइ संचाल्न गर्ने |
| ग. मोवाइल साधारण नोकिया वा सामसुङ सेट व्यवस्थापन<br>महिला स्वास्थ्य स्वयं सेविकालाइ ४५ वटा<br>नौ वटा वाडाका नर्सिङ इन्चार्जलाइ ९ वटा<br>स्वास्थ्य शाखा लाइ २ गरि जम्मा ५६ वटा |
| घ. महिला स्वास्थ्य स्वयंसेविका लाइ तपसिल समाग्री उपलव्ध गराउने<br>झोला ४५ पिश<br>टर्च ४५ पिश<br>छाता ४५ पिश |
| ङ. नर्सिङ स्टाफलाइ पि.एन.सि. कार्यकोलागि<br>झोला १० पिश<br>स्फाइग्मो मैनो मिटर १० पिश<br>स्टेथोस्कोप १० पिश<br>थर्मामिटर १० पिश लाइफलाइन<br>स्पेकुलम विभिन्न साइज १५ पिश<br>टर्च १० पिश |
| च. मोवाइल रिचार्ज खर्च प्रति महिना रिचार्ज –<br>म.स्वा.स्वाय.से.लाइ रु ५० का दरले<br><br>छ. नर्सिङ स्टाफलाइ रु. ३०० का दरले<br>ज. स्वास्थ्य संयोजक तथा सह संयोजकलाइ –५०० का दरले टपअप गर्ने व्यवस्थापन गरिने |

## ९ एक्सट्रा कृयाकलापका साथै गर्भवतिलाइ पोषण प्रवर्द्धन कार्यक्रम

| |
|---|
| क. गर्भवतिले प्रत्येक पटकको गर्भजाच (सेडुल अनुसारको भिजिट मा ८ पटक सम्म ) १० ओटा अन्डा उपलव्ध हुने । |
| ख. ( पि.एन.सि.४ पटकमा ) प्रत्येक पटकमां १० ओटा अन्डा का दरले वढिमा ४२ ओटा सम्म वितरण व्यवस्था गरिने छ ) |
| ग. फोलिक एसिड गर्भरहेको पहिलो तिन महिना सम्म वितरण गरिने |
| घ. गर्भरहेको तिन महिना पछि र सुत्केरि अवस्थासम्म आइरन चकि र कैर्लसियम वितरण व्यवस्था मिलाउने । |
| ङ. गर्भरहेको तिन महिना पछि १ र सुत्केरि अवस्थासम्म प्रोटिन पाउडर १ सुत्केरि वेला गरि जम्मा २ ओटा वितरण व्यवस्था मिलाइने छ । |

| | |
|---|---|
| च. गर्भावस्थाको अन्तिम पटकको भिजिटमा प्रसुति हुनलाइ निमन्त्रण कार्ड घर दैलो सहजकर्ता मार्फत घर घर मै पठाउने । | |
| छ. खोप पुरा गर्ने वालवालिकाको अभिभावकलाइ ३ पाकेट आयो नुन उपलव्ध गराउने | |
| ज. पोषण कार्यक्रम अन्तगत २४ महिना भित्र महिना महिना गरि २४ पटक सम्म वजन गराउने अभिभावकलाइ ५ ओटा पाकेट आयो नुन वितरण | |

*१० आमा सूरक्ष घरमा सवौगर्भवति र प्रसुति नि शुल्क अनिवार्य ७२ घंटा वास वस्नु पर्ने*

***EXTRAA ACTIVITIES,***

| |
|---|
| क. आमा सूरक्षा घरमा तिन ओटा वर्थिड. सेन्टर संचाल्नकोलागि ५ ओटा वेड गरि जम्मा १५ वेड व्यवस्थापन गर्ने |
| ख. जम्मा वेडमा तन्ना ३०<br>मैटरेक्स वाटर प्रुफ १०<br>,पिलो १० ,<br>पर्दा ६<br>व्लैकेट १९ थान व्यवस्थापन गर्ने । |
| ग. पानि तताउने इलेक्ट्रिक ठूलो भाडो ३ गोटा<br>सामाग्री व्यवस्थापनकोलागि रेफिजरेटर ३ गोटा व्यवस्थापन गर्ने |
| घ. सुत्केरि १ र महिला भिजिटर १ गरि जम्मा २ जनालाइ खाना वस्ने व्यवस्था मिलाउने । |
| ड. सेवाग्राहिलाइ भोजन व्यवस्थापनको लागि खाना पकाउने १ जना व्यवस्थापन गर्ने । |
| च आमा सूरक्षा घरमा खाना पकाउने सामाग्री हरु चामल<br>,दाल<br>,चुलो,<br>गैस,<br>कुकर<br>,अन्य आवशकिय भाडा,<br>तरकारि ,<br>तेल,<br>मसला ,<br>अंडा तथा अन्य खाधान्न जन्य वस्तु तथा खाध्य पदार्थ आवश्यकता अनुसार उपलव्ध गराइने छ । |
| छ. वच्चालाइ मालिस गर्ने तोरिको तेल ,लसुनको व्यवस्था गरिने छ । |
| ज. गर्भजाच गर्ने PT KIT 2500 पिश व्यवस्थापन गरिने । |

क. गर्भवतिलाइ प्रत्येक पटकको भिजिट(जाच गराइ) मा १० (दस ) ओटा काचो अन्डा उपलव्ध गराइने

ख. आमा समूहको वैठक नियमित गराउन खाजा उपलव्ध गराइने ।

ग. सूत्केरि पश्चात हुन सक्ने विभिन्न संक्रामक रोगहरुवाट जोगाउन सूत्केरि पश्चात सुत्केरि भेट स्वरुप पहिलो वा दोस्रो भेटमै सरसफाइ किट उपलव्ध गराइने ।

२. कृयाकलाप १ को क मा उल्लेखित योजना अनुसार यस वौधिमाइ नगरपालिका वार्ड न १–९ सम्म रवर्थिड. सेन्टरतथा अन्य वार्डहरुमाआमा(मातृ )मृत्य हुन न दिन र घरमा प्रसूतिहुने दर सून्य वार्ड तथा पोषण प्रवर्द्धनात्मक हेतु यस संस्थामा जाच गराउन आउने गर्भवति, महिलाहरुलाइ

प्रत्येक महिनामा नेपाल सरकारको गर्भजाच निर्देशिकाले निर्देशित गरे अनुसार प्रत्येक पटकको जाचमा १० ओटा काचो अन्डा सेवाग्राहिलाइ उपलव्ध गराइनेछ ।

अन्डास्थानिय वजार वाट खरिद प्रकृया तथा कोटेशनको आधारमा सव भन्दा कम मूल्य पेश गरेको विकेता संग कारोवार गरिने छ ।

२. कृयाकलाप १ को **ख** मा उल्लेखित योजनाअनुसार यस वौधिमाइ नगरपालिका सवै वार्ड मा आमा (मातृ मृत्यु र घरमा सूत्केरि सून्यसम्वन्धि कार्य गर्न र, संसथागत प्रसुति १०० प्रतिशत र पोषण प्रवर्द्धनात्मक हेतु कृयाकलाप संचाल्नार्थ तथा , यस स्वास्थ्य संस्थामा जाच गराउन आउने गर्भवति, महिलाहरुलाइ प्रत्येक महिनामा नेपाल सरकारको गर्भजाच निर्देशिकाले निर्देशित गरे अनुसार सेवा लिन र प्रत्येक आमा समूहको वैठक नियमित गराउन खाजा उपलव्ध गराइने छ ।

खाजास्थानिय आमा समूहको निर्णय पुस्तिकाको उपस्थितिवाट गर्न वा प्रत्येक पटकको वैठकमा प्रति सहभागि लाइ स्थानिय स्तरको खाजा व्यवस्थापन गरीनु पर्ने छ ।

प्रतेक साविक ४५ वटा स्वास्थ्य आमा समूह निर्श्चित दिन समयमा मासिक रुपमा वैठक वसिने र स्वास्थ्य सम्वन्धि छलफल कार्यगरिनु पर्ने छ ।

प्रत्येक स्वास्थ्य आमा समुहको नियमित वैठक वस्ने तथा स्वास्थ्य संस्थाले खाजा व्यवस्थापन गरि त्रैमासिक रुपमा भुग्तानि व्यवस्था मिलाइने छ ।

स्वास्थ्य आमा समूहको वैठकको उपस्थीति दस्तखतको आधारमा रकम भुग्तानि स्वास्थ्य संस्थाको सिफारिसको आधारमा हुनेछ ।

२. कृयाकलाप १ को **ग** मा उल्लेखित योजना अनुसार यस वौधिमाइ नगर पालिका वार्डन १ देखि ९ मा आमा(मातृ )मृत्यु र घरमा सूत्केरि सून्य वनाउन तथा संसथागत प्रसुति १०० प्रतिशत पुर्याउन र पोषण प्रवर्द्धनात्मक कार्य हेतु , यस स्वास्थ्य संस्थामा जाच गराउन आउने गर्भवति, महिलाहरुलाइ प्रत्येक महिनामा नेपाल सरकारको गर्भ जाच निर्देशिकाले निर्देशित गरे अनुसार वौधिमाइ नगरपालिका विभिन्न वार्डका गर्भवति महिला कुनै पनि स्वास्थ्य संस्थामा स्थित वर्थिड.सेन्टरमा सुत्केरि पश्चात सरसफाइको कमिले हुन सक्ने विभिन्न किसिमका संक्रामक समस्या वाट वचाउन,तथा स्वास्थ्यका अवस्था सुदृढ वनाउन सरसफाइ किट उपलव्ध गराइने छ र वर्थिड. सेन्टरवाट अरु अस्पतालमा प्रेषण गरिएका प्रसुतिलाइ पि.एन.सि.भिजिटमा उपलव्ध गराइने छ ।

२. कृयाकलाप १ को" घ "सरसफाइ किटमा डिटल सावुन १ पिश ,लुगाधुने १५०ग्रामको सावुन २ पीश, सर्फ ५०० ग्राम १पिश, नड. कटर १, लेडिज पैन्टी २ , व्रस १, मन्जन १०० ग्रा. १ ,सैनिटरि पैड ३ गरि ८ किसिमका सामाग्री सुचना लेखिएको सानो कपडा को झोलामा प्याक गरि सुत्केरिलाइ पहिलो या दोस्रो भेटमा उपलव्ध गराइने छ ।

***११. PNC थप भिजिटर सरसफाइ कोसेलि भेट***

| | |
|---|---|
| क. PNC भिजिटकालागि अनिवार्य २५ देखि ३० दिनमा भिजिट थप गर्दै १० ओटा अण्डा गरि वढिमा ४२ ओटा सम्म उपलव्ध गराउने । | |
| ख. पहिलो PNC भिजिटमै सरसफाइ किट उपलव्ध गराउने सरसफाइ किटमा तपसिल सामाग्री हुने पैन्टी २,लुगाधुने १५० ग्राम सावुन २,नुहाउने डिटल सावुन १,नड.कटर १ ,व्रस १,पेष्ट १०० ग्राम १,सर्फ १ किलो १,सैनिटरि पैड ३ ओटा, सुचना लेखिएको कपडाको साधारण झोलामा पैक गरि वितरण व्यवस्था मिलाइने छ । | |

१२ संरचना ३ स्थानमा(वर्थिङ.मा) प्लासेन्टापिट र ९ ओटा स्वास्थ्य संस्थामा फलामको INCINATOR

| | | |
|---|---|---|
| क. | ३ स्थानमा (वर्थिङ सेन्टर ) प्लासेन्टापिटआर्थिक ऐन वमाजिम निर्माण गरिने छ । | |
| ख. | ९ ओटा स्वास्थ्य संस्थामा फलामको INCINATORआर्थिक नियमावलिको परिधिमा राहि निर्माण गरिने । | |

## १३. एम्वुलेन्स सेवा तथा मर्मत गरि संचाल्न मर्मत, इन्धन तथा व्यवस्थापन,

क. सुपरिवेक्षणकोलागि स्वा.कर्मिलाइ मासिक वढिमा २ लि.सम्म का दरले इन्धन व्यवस्थापन कार्यान्वयन गरिने छ र सो दुरिको आधारमा कार्यान्वयन गरिन्छ।।

## १४. संकमण रोकथाम तथा सरसफाइ

क. संक्रमण रोकथाम सम्वन्धि सामाग्री तथा तालिम व्यवस्थापन

स्वास्थ्य कर्मि २ दिन

का.स. १ दिन

नर्सिङ. स्टाफ २ दिन